**मिति २०७९/६/८ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धमा ।

२. विभिन्न कार्यविधि सम्बन्धमा ।

३. भुमी आयोग सम्बन्धमा ।

४. परामर्श सेवा सम्बन्धमा ।

५. इलाका प्रहरी कार्यालय ठाडाबाट गाडी मर्मत माग सम्बन्धमा ।

६. सडक बत्ती सम्बन्धमा ।

७. संस्कृती प्रवर्द्धन संरक्षण सम्बन्धमा ।

८. मकैको क्षति सम्बन्धमा ।

९. प्रदेश पठाउने योजना छनौट सम्बन्धमा ।

१०. कर्मचारीको व्यवस्थापन सम्बन्धि कार्यदलको प्रतिवेदन सम्बन्धमा ।

११. नगरपालिकाको कार्यालय नयाँ भवनमा सर्ने सम्बन्धमा ।

१२. स्वास्थ्य तर्फको वजेट विनियोजन सम्बन्धमा ।

१३. अखिल नेपाल क्रान्तिकारी विद्यार्थि सँगको सम्झौता र सट्टा शिक्षक सम्बन्धमा ।

१४. सबै ऐन कानुहरु समेटेर एउटा कानुन संग्रह प्रकाशन गर्ने सम्बन्धमा ।

१५. मासिक शुल्क मिनाहा सम्बन्धमा ।

१६. अटो रिक्सा संचालन कार्यविधि निर्माण सम्बन्धमा ।

१७. विद्युत महशुल सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत विगत आ.व.हरुबाट वितरण गर्दै आएको उत्पादनमा आधारीत अनुदान सहकारी मार्फत किसानहरुलाई वितरणको लागि पेश भएकोमा उक्त पेश भएको विवरण अनुसार स्थलगत अनुगमन समेत भएकोले सो का आधारमा गत आ.व.को उत्पादनमा आधारित अनुदान सहकारी मार्फत वितरण गर्ने र चालु आ.व. देखिको सन्दर्भमा के कसरी दिने भन्ने विषयमा पूर्व कार्यपालिकाबाट गठित कार्यदलको प्रतिवेदनका आधारमा अगाडी बढ्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कार्यालयबाट तयार भई विधायन समिति मार्फत पेश भएका निम्न कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(क) ८४ वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई ८४ वर्ष गाठको उपलक्ष्यमा सम्मान प्रदान गर्ने सम्बन्धि कार्यविधि, २०७९

(ख) शितगंगा नगरपालिकाका वर्थिङ्ग सेन्टरमा प्रसुती सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा सम्बन्धि कार्यविधि २०७९

(ग) शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९

(घ) उच्च माध्यमिक तह (कक्षा ११ र १२) निःशुल्क शिक्षा सम्बन्धि कार्यविधि २०७९

(ङ) सामुदायिक विद्यालयमा करारमा शिक्षक विद्यालय कर्मचारी र बालविकास सहजकर्ता छनोट सम्बनी कार्यविधि २०७९

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय बमोजिम गर्न राष्ट्रिय भुमी आयोग जिल्ला समिति अर्घाखाँचीलाई सिफारिस गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिकाको वडा नं. १४ का संलग्न ५२ जना घरधुरीलाई जग्गा धनि प्रमाण पुर्जा उपलब्ध गराउने कार्य अगाडी बढाई दिन राष्ट्रिय भुमी आयोग जिल्ला समिति अर्घाखाँचीलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) वडा नं. १४ बाट प्राप्त भुमीहिन सुकुम्बासी संख्या ४ र अव्यवस्थित बसोवासी संख्या ४८ घरधुरीहरुको आवास, कृषि र नगरपालिकाको ग्रामीण क्षेत्र निर्माण हुने गरी वर्गीकरण गरी नयाँ कित्ता कायम गर्न राष्ट्रिय भुमी आयोग जिल्ला समिति अर्घाखाँचीलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा परामर्श सेवा शिर्षकमा रहेको रकमबाट निम्न बमोजिमको कार्य गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) खोलाहरुको आइइइ दुई प्याकेजमा

(ख) White Wall को डिपिआर गर्ने

(ग) नागरिक सन्तुष्टि सर्वेक्षण र दिगो विकासको स्थानीकरण

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय ठाडाले गाडी बिग्रेकोले मर्मत गरी दिन भनि निवेदन दिएको सन्दर्भमा गाडी मर्मत गरि दिने र प्रत्येक प्रहरी चौकीलाई रु १०/१० हजार सहयोग उपलब्ध गराउने नर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सडक वत्ति जडान गर्ने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संस्कृती प्रवर्द्धन तर्फको कार्यक्रमबाट गर्ने कार्यक्रमको सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडाहरुमा श्रावण महिनामा आएको हुरी बतासले मकै बाली नष्ट गरेको सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न पूर्व बैठकबाट निर्णय भएकोमा समितिले अध्ययन गरी प्रतिवेदन पेश गरेकोमा सो प्रतिवेदनका आधारमा कृषिकहरुलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा लुम्बिनी प्रदेश पूर्वाधार विकास प्राधिकरणले ठूला योजना सूचिकृत गरी अगाडी बढाउन लागेकोले सो का लागि यस नगरपालिकाका निम्न योजनाहरु समावेश गरी कार्यान्वयन हुन प्रदेश पूर्वाधार विकास प्राधिकरण राप्ती उपत्यका दाङ्गलाई लेखि पठाउने निर्णय गरियो ।

तपशिल

(क) डमरुदह शिनपा ३

(ख) ठाडा अमराइ जुकेना देउराली ऐरावती सडक स्तरोन्नती (पतंञ्जली मार्ग)

(ग) भेडामारा सिमलपानी बौरी भाटगाउ चिदिचौर हुदै चोलारानी ढाव पावरा विक्रम सडक

(घ) चाक्ला हर्रे बहखोर पाकुरी धानखोला सडक

(ङ) सितापुर सुवर्णखाल नेटापोखरा सडक (सहिद यज्ञ मिन स्मृती मार्ग)

नोट :- ढुङ्गेसेरा टिक्करी मौवाबारी खयरभट्टी बनकासवास मो.वा.लाई सडक बोर्ड नेपालको कार्यक्रममा समावेश गर्ने र आगामी दिनमा प्राथमिकता नं. १ मा राखी माग गर्ने । उक्त सडकलाई नगर गौरवको योजनाको रुपमा राखी कार्यान्वयन गर्ने ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा मिति २०७९ साल आषाढ ३२ गतेको कार्यपालिका बैठकबाट कर्मचारीहरुको सेवा सुविधा र व्यवस्थापन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न समिति (कार्यदल) गठन गरेकोमा सो कार्यदलले बुझाएको प्रतिवेदन माथि आजको बैठकमा छलफल भयो । सो प्रतिवेदनमा नगरपालिकालाई कार्यान्वयन गर्न सिफारिस गरेका १९ बुँदा बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको प्रशासकीय भवन शिनपा ३ मा निर्माण भएकोले उक्त भवनमा दसै अगावै कार्यालय सार्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व.मा संघीय सशर्तमा स्वास्थ्य तर्फ प्राप्त रकमबाट निम्न बमोजिम शिर्षकमा विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि. नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | तलव, महंगी भत्ता, स्थानीय भत्ता, पोशाक भत्ता | २७५९२००० | |
| २ | फ्रिज सेन्टरबाट भ्याक्सीन ढुवानी | १९७६०० | ११ स्थानमा प्रा.स्वा केन्द्रबाट भ्याक्सीन ढुवानी |
| ३. | खोप संचालनमा खटिने खोप कार्यकर्ता यातायात तथा खाजा खर्च | ३२६४०० | प्रति खोप केन्द्र २ जना स्वास्थ्य कर्मी प्रति स्वा. कर्मी ४०० का दरले |
| ४ | प्रा.स्वा. केन्द्र र स्वास्थ्य चौकी मसलन्द खर्च | २५२००० | प्रति महिना ३००० का दरले ७ वटा स्वास्थ्य संस्था |
| ५ | आधारभुत स्वास्थ्य केन्द्र मसलन्द खर्च | १४४००० | प्रति महिना २००० का दरले ६ वटा स्वास्थ्य संस्था |
| ६ | सहरी स्वास्थ्य केन्द्र मसलन्द खर्च | २८८००० | प्रति महिना १००० का दरले २७ वटा स्वास्थ्य संस्था |
| ७ | अनुगमन सुपरिवेक्षण अन्य आवश्यक कामका लागि भ्रमण खर्च/बैठक भत्ता समेत | ३००००० | स्वास्थ्य कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा अखिल नेपाल क्रान्तिकारी विद्यार्थिसँग नगर शिक्षा शाखामा ताला लगाएको सन्दर्भमा छलफल गर्दा गरेको सहमती अनुसार हटाईएका सट्टा शिक्षकको सम्बन्धमा मिति २०७९/३/३२ गतेको कार्यपालिका बैंठकबाट सट्टा शिक्षकलाई प्राथमिकता दिने भन्ने निर्णय भएकोमा आगामी दिनमा सोही बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा नगरपालिकाबाट हाल सम्म निर्माण भएका सबै कानुनहरुलाई एकिकृत गरी शितगंगा एकिकृत काननुन संगालो छाप्ने निर्णय गरियो ।

सितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा नगरपालिकाको उच्च माध्यमिक तह (कक्षा ११ र १२) निःशुल्क शिक्षा सम्बन्धि कार्यविधि २०७९ बमोजिम हाल लाई मासिक शुल्क मिनाहा गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नगरपालिका भित्र संचालन हुने अटो रिक्सा संचालनको लागि कार्यविधि निर्माण गरी सोही बमोजिम गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ६ का सिदार्थ आ.वि. र निलकण्ठ आ.वि.को विद्युत महशुल एक पटकको लागि मात्र नगरपालिकाले भुक्तानी गरि दिने निर्णय गरियो ।